सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८

काँक्रेबिहार

Kankrebihar National Daily

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

प्रतिनिधिसभा निर्वाचन-२०८२



६ दिन बाँकी

❐ वर्ष : २५ ❐ अंक : १३६ ❐ शुक्रवार, १५ फागुन, २०८२ ❐ Friday, 27 Feb. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

कांग्रेस कर्णालीको चुनावी सभा

गगन थापाले भने, अबको पाँच वर्षमा देशलाई स्वर्णिम बनाउछौं, मुलुकलाई दुर्घटनामा पर्न दिन्नौं

❐ काँक्रेबिहार संवाददाता
सुर्खेत, १४ फागुन

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले अबको पाँच वर्ष स्वर्णिम बनाउने दाबी गरेका छन् । सुर्खेतमा भएको कांग्रेसको कर्णाली प्रदेश स्तरीय चुनावी सभालाई सम्बोधन गर्दै सभापति थापाले फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनमा कांग्रेसलाई जिताएर मुलुकलाई ऐतिहासिक स्वर्णिम पाँच वर्ष बनाउन सबैलाई आग्रह गरे ।

उनले भने, 'विगत पाँच छ वर्ष केवल सरकार बनाउने र फेर्ने कामका लागिमात्र खर्च भयो । यसले तन्नेरीलाई रुष्ट बनायो । देशले गति समात्नु पर्नेमा गठबन्धनको राजनीतिले कहीं न कहीं दूषित बनायो । अब ०८२ देखि ०८७ सम्मको पाँच वर्ष हामी आग्रह गरिरहेका छौं । यो एउटा मौकालाई नेपालको इतिहासलाई स्वर्णिम बनाउने छौं भनेर सपना बोकेर आएका छौं । हामीलाई नेपालको सीमितता थाहा छ । हामी यसलाई सुधार्छौं । प्रतिज्ञापत्र सार्वजनिक गरेका छौं । पाँच वर्ष भनेर कुरेर बस्दैनौं । बैशाख १ गते आउँछ र एक महिनामा यो काम गर्यौं भन्छ कांग्रेसले । जेठ १ गते आउँछ र एक महिनामा यी काम गर्यौं भन्छौं ।उनले पाँच वर्षका योजनाबारे सबै दलसँग सामूहिक टेबलमा बस्न तयार रहेको बताए । तर कोही पनि यसका लागि तयार नभएको भन्दै उनले कोही कसैले कुनै नाटक गर्यो भने कर्णालीले त्यसलाई पत्याउन नहुने बताए । उनले भने, 'आओस् एमाले, आओस् नेपाली कम्युनिष्ट पार्टी र आओस् रास्वपा एउटै मञ्चमा बसेर योजना बनाउँ भन्दा कोही नआउने । हिजो कर्णालीमा माओवादीले मान्छे मारिरहेको बेलामा नक्कली शरणार्थीको कागज बनाएर मस्ती मारिरहेकाहरु आज यहाँ आएर पाँच वर्षमा केही गर्छु भनेर नाटक गर्नेहरुलाई कर्णालीबासीले नपत्याओस् ।

विदेशमा भएकाहरुलाई सम्बोधन गर्दै थापाले भने, 'सिंगो कांग्रेसको जिम्मा लिएर बोल्दैछु २०४६ सालपछि भएका भनिएका सुनिएका काण्डहरुको छानबिन गर्दै गर्दा मेरै परिवारको कोही रहेछ भने पनि छुट्दैन । पाँच वर्षमा एक जनाले पनि कुनै गलत गर्यो भनेर सुन्न पाउनु हुँदैन । उनले यो पाँच वर्षलाई



परीक्षण नगर्न पनि आग्रह गरेका छन् । उनले मतदातालाई आग्रह गर्दै भने, 'यो पाँच वर्षलाई परीक्षण नगरौं । हामी काम गरेर देखाउने हो । कर्णालीका बारेमा सबै राम्रा भन्न सकिन्छ तर प्रश्नसँगसँगै देशभर १७ प्रतिशत हुँदै गर्दा करिब ४० प्रतिशत गरिबी बोकेर कर्णाली किन बसिरहेको छ देशभपरिका बालबालिका बचाउँदा कर्णालीका किन बनाउन सकिएन रु समस्याको जरासम्म पुग्नुपर्छ । सभापति थापाले अब कुनै पनि निहत्था नेपालीको ज्यान जान नहुने र कुनै मुकुन्डोधारीले सिंहदरबार जलाउन पनि नहुने बताए । उनले सम्बोधनका क्रममा भने, 'सरकारको गोलीबाट कुनै पनि निहत्थाको ज्यान जानु हुँदैन । कुनै पनि मुकुन्डोधारीले सिंहदरबार अब जलाउनु पनि हुँदैन । सभापति थापाले भदौ २३ गतेको आन्दोलनको जिम्मा लिने तर भदौ २४ गतेको विध्वंशको जिम्मा नलिने सोचले भोलि पनि मुलुकलाई दुर्घटना गराउन सक्ने बताए । उनले कर्णाली र काठमाडौं महानगरपालिकाको कुनै तुलनासमेत हुन नसक्ने बताए । उनले भने, ' कर्णालीको आय वार्षिक ५२ करोड छ । काठमाठौंमा त १० अर्ब छ । सुतीसुती मेयरले १० अर्ब खर्च गर्न पाउँछ । प्रदेश सरकारले सबैभन्दा बढी कर यातायात, सडकबाट पाउँछ । यहाँ त यातायात र सडक नै कम छ ।

सभापति थापाले अगाडि भने, 'कर्णालीको विकासको पहिलो मुद्धा संविधान पनि बदल, कानून पनि बदल । काठमाडौंबाट कर लिन पाउने हक कर्णालीले लिनुपर्छ । म संविधान र कानून बदलाब गर्रौं भनेर भन्छु । तर बनाउन कति दुःख छ । कर्णालीमा पैसा कम छ मात्र हैन खर्च पनि गर्न सकिएको छैन । पहाडी र हिमाली जिल्लामा असार साउनभित्र खर्च गर्ने व्यवस्था राखेपछि कर्णालीको खर्च बजेट फ्रिज हुन्छ । अर्को वर्षको कार्तिक मंसिरसम्म नभएसम्म खर्च गर्न सकिन्न । उनले सूचनाको अवसरमा पनि कर्णाली पछि पर्ने बताए । उनले तीतो सत्य अगाडि सार्दै भने, 'त्यो सूचनाको उद्योगमा काम गर्न विज्ञान, अंग्रेजी र गणित राम्रो हुनुपर्छ । त्यसका लागि आमाको स्वास्थ्य राम्रो हुनुपर्छ । आमाको काखमा हुँदासम्म ५ वर्षमै विज्ञान, अंग्रेजी र गणितको अवस्था बच्चाले बुझेको हुन्छ । काठमाडौंलेमात्र लाभ लिने हुन्छ । त्यसैले प्रतिस्पर्धाका लागि कर्णालीकी आमा र पोषणमा काम गर्नुपर्छ ।

सभापति थापाले कर्णालीको खर्च बाँदरले दिएको दुःखमा भएको उल्लेख गर्दै उनले भने, 'विकास बहुआयामिक छ । यहाँ हल्ला छ । को कसरी हात हल्लाउँदै छ यसको चर्चा छ । उनले कांग्रेसको प्रतिज्ञापत्रले अझै सबै ठाउँमा चर्चा बटुल्न नसकेको बताउँदै यथास्थितिवादी र अतिवादीले मुलुक नबनाउने दाबी गरे ।

सभापति थापाले भने, 'मैले दुई चार ओटा गालीको कुरा गरैं भने त्यसले बेलुका भाइरल भइहाल्छ । आएको हैन माओवादी ? खै के भयो ? नयाँ नयाँ भनेर आउँदै गर्दा देखेको होइन हामीले ? फेरि पनि भुलभुलैयामा पर्ने ? नेपाली कांग्रेस यही देशको पार्टी हो । हिजोका कमीकमजोरी मिल्काउँदै फाल्दै सच्चिने ठाउँमा सच्चिएर हामी कांग्रेस बदलेर आएका छौं । देश पनि बदल्छौं । पाँच वर्षमा देशलाई दुर्घटनामा जान दिन्नौं । यथास्थितिवादीले देशलाई अगाडि बढ्न दिँदैन । अर्को शक्ति आक्रोश छ आगो छध । हामी पेटको आगो पनि भर्नुपर्नेछ । सुर्खेत घण्टाघरमा बोल्दै सभापति थापाले उपस्थित समुदायतिर हेर्दै भने, 'यो उत्साह यो चौरीमा भएर हुँदैन । सबै साथीहरु गाउँ जानुस् । आफ्नो घरमा होइन मतदाताको घरमा पुग्नुस् । कांग्रेसको सन्देश दिलएर पुग्नुस् । पाँच वर्षलाई खेर जान दिन हुन्न भन्नुस् ।

कर्णालीका सबै जिल्लामा पुग्यो निर्वाचन सामग्री

❐ काँक्रेबिहार संवाददाता
सुर्खेत, १४ फागुन

आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि कर्णाली प्रदेशका १० वटै जिल्लामा कर्णालीका निर्वाचन सामग्री पुगेको छ ।

निर्वाचन आयोगले निर्वाचन तयारी अन्तिम चरणमा पुगेको जानकारी दिदै कर्णालीका सबै जिल्लामा निर्वाचन सामग्री सुरक्षित रूपमा वितरण भइसकेको जनाएको छ । प्रदेश निर्वाचन कार्यालय सुर्खेतका अनुसार प्रदेशका सबै जिल्ला निर्वाचनका आवश्यक मतपत्र, मतपेटिका, मतदान अधिकृतका सामग्री तथा अन्य प्राविधिक सामग्रीहरु सुरक्षित रूपमा पुगेका हुन् ।

जिल्ला पुगेका निर्वाचन सामाग्रीहरु अब मतदान केन्द्रसम्म पुर्‍याउन प्रबन्ध मिलाईदै छ । सबै मतदान केन्द्रका लागि आवश्यक सामग्री तयारी अवस्थामा राखिएको प्रदेश निर्वाचन अधिकारी लालबहादुर गुरुङले बताए । 'निर्वाचन सामाग्रीको गुणस्तर सुनिश्चित गरी मतदान प्रक्रिया सहज तथा व्यवस्थित बनाउन आवश्यक प्रबन्ध मिलाइएको छ' उनले भने, '१० वटै जिल्लामा आवश्यक निर्वाचन सामग्री पुगिसकेकाले अब निर्वाचनको लागि थप आवश्यक तयारी सुरु गरिएको छ ।'

सुरक्षासहित निष्पक्ष, पारदर्शी र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुने निर्वाचन अधिकारी गुरुङले विश्वास व्यक्त गरे । सुरक्षाव्यवस्थालाई विशेष प्राथमिकतामा राखिएको भन्दै संयुक्त सुरक्षा गस्ती, मतदान केन्द्रको स्थलगत निरीक्षण तथा संवेदनशील क्षेत्रको पहिचान गरी आवश्यक रणनीति लागु गरिएको उनले बताए ।

जिल्ला जिल्लामा निर्वाचन सामग्री तयारी, मतदानमा खटिने कर्मचारीलाई अभिमुखीकरण तथा सुरक्षा व्यवस्थापनका काम पनि तीव्र रूपमा अघि बढाइएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय सुर्खेतले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित रूपमा सम्पन्न गर्न सम्पूर्ण तयारी पूरा भएको जनाएको छ । निर्वाचन तयारी पूरा भइसकेको अवस्थामा आयोगले सबै मतदातालाई शान्तिपूर्ण तथा मर्यादित रूपमा मतदानमा सहभागी हुन आह्वान गरेको छ ।

प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी नन्दराम चौलागाईंका अनुसार गत २०७९ को प्रतिनिधि सभा निर्वाचनमा नौ लाख आठ हजार ४३३ मतदाता रहेका थिए । यस वर्ष एक लाख २८ हजार ८१७ मतदाता थपिएसँगै कुल मतदाता संख्या १० लाख ३७ हजार २५० पुगेको हो । फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा गरेका नागरिकलाई आधार मानेर तयार पारिएको मतदाता नामावली अनुसार प्रदेशका १० जिल्लामा ९४१ मतदान स्थल र एक हजार ४३७ मतदान केन्द्र निर्धारण गरिएको उनले जानकारी दिए ।

'आगामी प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सुरक्षा, जनशक्ति परिचालन र मतदान व्यवस्थापनका तयारी तीव्र बनाइएको छ' उनले भने, 'प्रदेशका दुर्गम जिल्लामा सामग्री ढुवानी र सुरक्षाको विशेष व्यवस्था मिलाइएको छ । ढुक्क भएर मतदाताहरु निर्वाचन प्रक्रियामा सहभागी हुनुहोस् ।'

कर्णालीका १२ निर्वाचन क्षेत्रबाट १३२ जना उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् । दल तथा स्वतन्त्र उम्मेदवारहरू घरदैलो, कोणसभा, टोलभेला र सामाजिक सञ्जालमार्फत मतदाता रिझाउने अभियानमा सक्रिय छन् ।

यस्तो छ, मतदाता र मतदान स्थलको अवस्था

जिल्लागत तथ्यांक अनुसार सुर्खेतमा सबैभन्दा धेरै मतदाता छन् । भने डोल्पामा सबैभन्दा कम मतदाता संख्या रहेको छ । प्रदेश राजधानी सुर्खेत जिल्लामा सबैभन्दा बढी दुई लाख ४८ हजार ९४३ मतदाता रहेका छन् । यहाँ १४० मतदान स्थल र ३०२ मतदान केन्द्र कायम गरिएको छ ।

भने डोल्पा जिल्लामा सबैभन्दा कम २४ हजार ११५ मतदाता रहेका छन् । त्यहाँ ६८ मतदान स्थल र ६८ मतदान केन्द्र तोकिएका छन् । दैलेखमा एक लाख ६१ हजार २०४ मतदाता रहेका छन्, भने १३९ मतदान स्थल र २०८ मतदान केन्द्र छन् ।

जाजरकोटमा एक लाख ७० हजार ९१ मतदाता र ८८ मतदान स्थल र १४६ मतदान केन्द्र छन् । यस्तै सल्यानमा एक लाख ६२ हजार ४४९ मतदाता, ११७ मतदान स्थल र २०५ मतदान केन्द्र छन् । रुकुम (पश्चिम भाग) मा एक लाख ६ हजार ६६० मतदाता, ७६ मतदान स्थल र १४० मतदान केन्द्र निर्धारण गरिएको छ ।

कालिकोटमा ८४ हजार ६४६ मतदाता, १०३ मतदान स्थल र १२७ मतदान केन्द्र छन् । त्यस्तै जुम्लामा ७१ हजार ७३९ मतदाता, ८३ मतदान स्थल र १०८ मतदान केन्द्र छन् । मुगुमा ३६ हजार ६१ म्तदाता, ६७ मतदान स्थल र ६९ मतदान केन्द्र छन् । भने हुम्लामा ३४ हजार ३२७ मतदाता, ६० मतदान स्थल र ६४ मतदान केन्द्र छन् ।

प्रदेशभर पुरुष मतदाता पाँच लाख २७ हजार ६८६ र महिला मतदाता पाँच लाख ९ हजार ३६१ र अन्य तीन जना रहेका छन् ।

निर्वाचन सुरक्षाका लागि सातै प्रदेशमा एआईजी खटाइयो

❐ काँक्रेबिहार संवाददाता
काठमाडौं, १४ फागुन



२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै नेपाल प्रहरीले सात प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) लाई सातै प्रदेशमा खटाएको छ । निर्वाचन सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन प्रहरी प्रधान कार्यालय तथा विभिन्न विभागमा कार्यरत एआईजीहरूलाई प्रदेश कमाण्डको जिम्मेवारी दिइएको हो ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता अविनारायण काफ्ले का अनुसार खटाइएका एआईजीहरूले निर्वाचन अवधिभर प्रदेशमा बसेर मातहतका जिल्लाहरूको समग्र सुरक्षा कमाण्ड गर्नेछन् ।

कोशी प्रदेशमा मानव स्रोत विभागका एआईजी राजन अधिकारी खटिएका छन् । प्रदेश प्रहरी प्रमुख डीआईजी विनोद घिमिरे छन् । झापा जस्तो संवेदनशील जिल्लामा एसएसपी गोविन्द अधिकारीलाई कमाण्ड दिइएको छ । मधेश प्रदेशमा एआईजी डम्बर विक खटिएका छन् । प्रदेश प्रहरी प्रमुख डीआईजी गोविन्द थपलिया हुन् । सर्लाही र रौतहटमा एसएसपी सुरेश काफ्ले परिचालित छन् ।

बागमती प्रदेशमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका एआईजी सिद्धिविक्रम शाह खटिएका छन् । दोलखामा एसपी नान्तिराज गुरुङ र काभ्रे-सिन्धुपाल्चोकमा विनोद सिलवाल परिचालित छन् । गण्डकी प्रदेशमा केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का एआईजी डा. मनोज केसी खटिएका छन् । लुम्बिनी प्रदेशमा कार्य विभागका प्रमुख एआईजी उमाप्रसाद चतुर्वेदीलाई जिम्मेवारी दिइएको छ ।

कर्णाली प्रदेशमा अपराध अनुसन्धान विभागका एआईजी सुशील सिंह राठौर परिचालित छन् । सुदूरपश्चिम प्रदेशमा प्रशासन विभागका एआईजी हिमालयकुमार श्रेष्ठ खटिएका छन् । काठमाडौं उपत्यकाका तीन जिल्लाको समग्र कमाण्ड एआईजी ईश्वर कार्कीले सम्हाल्नेछन् भने उपत्यका प्रहरी कार्यालय रानीपोखरीले एसएसपी रमेश बस्नेतको नेतृत्वमा विशेष निर्वाचन सेल बाँकी पृष्ठ ३

निर्वाचन सुरक्षाका लागि बाँके-भारत सीमा ७२ घण्टा बन्द

❐ काँक्रेबिहार संवाददाता
कोहलपुर, १४ फागुन

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै बाँके जिल्लासँग जोडिएका नेपाल-भारत सीमा नाकाहरू ७२ घण्टाका लागि पूर्ण रूपमा बन्द गरिने भएको छ । जिल्ला प्रशासन कार्यालय बाँकेले स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न यस्तो निर्णय गरेको जनाएको छ ।

जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी महेश कुमार गुरुङका अनुसार फागुन १८ गते राति १२ बजेदेखि फागुन २१ गते राति १२ बजेसम्म सीमा नाका सिल गरिनेछ । यस अवधिमा सर्वसाधारणको आवतजावत तथा सवारी साधन सञ्चालन पूर्ण रूपमा रोक लगाइनेछ ।

निर्वाचनका बेला सीमावर्ती क्षेत्रबाट हुन सक्ने आपराधिक गतिविधि नियन्त्रण गर्न र सुरक्षा जोखिम न्यून गर्न दुवै देशका सुरक्षा निकायबीच समन्वय गरिएको प्रशासनले जनाएको छ ।

अवैध ओहोरदोहोर र चुनावी आचारसंहिता उल्लंघन रोक्न अन्तर्राष्ट्रिय अभ्यासअनुसार ७२ घण्टासम्म नाका बन्द गर्ने निर्णय गरिएको बताइएको छ ।

प्रशासनले फागुन १३ गते नै सूचना जारी गरी सर्वसाधारणलाई पूर्व जानकारी गराइसकेको छ ।

अत्यावश्यक कामले भारत आउजाउ गर्ने नागरिकलाई समयमै यात्रा तालिका मिलाउन आग्रह गरिएको छ । निर्वाचन सम्पन्न भई फागुन २१ गते मध्यरातपछि मात्र सीमा नाका पुनः सञ्चालनमा आउने जनाइएको छ ।

कर्णालीका सांसद शर्मामाथि गरिएको कारबाही कार्यान्वयन नगर्न सर्वोच्चको आदेश



❐ काँक्रेबिहार संवाददाता
सुर्खेत, १४ फागुन

सर्वोच्च अदालतले कर्णाली प्रदेशका सांसद राजकुमार शर्मामाथि नेपाली कम्युनिस्ट पार्टीले गरेको कारबाही कार्यान्वयनमा रोक लगाएको छ । बिहीबार न्यायाधीश मेघराज पोखरेलको इजलासले शर्माको पक्षमा अन्तरिम आदेश जारी गर्दै उनको सांसद पद यथावत् कायम राख्न आदेश दिएको हो ।

प्रगतिशील लोकतान्त्रिक पार्टीको पक्षमा खुलेको भन्दै शर्मामाथि कारबाही गरिएको थियो । सोही आधारमा प्रदेशसभा सचिवालयले उनको पद खारेज गर्ने निर्णय गरेपछि शर्मा सर्वोच्च अदालत पुगेका थिए ।

अब शर्माको पदसम्बन्धी अन्तिम निर्णय नभएसम्म उनी सांसद पदमै कायम रहनेछन् ।

सम्पादकीय

बालबालिकाको प्रयोग बन्द गर

निर्वाचन लोकतन्त्रको उत्सव हो । तर उत्सवको नाममा बालबालिकालाई राजनीतिक रंगमञ्चमा उभ्याउनु लोकतन्त्रको मर्यादा होइन, दुरूपयोग हो । कर्णालीका विभिन्न जिल्लामा चुनावी प्रचारप्रसारका क्रममा बालबालिकालाई झण्डा बोकाउन, जुलुसमा सहभागी गराउन, नाराबाजी गर्न लगाउन र दल तथा उम्मेदवारका प्रतीकात्मक सामग्री प्रदर्शन गराउन थालेको खबरले गम्भीर चिन्ता उत्पन्न गरेको छ । यसअघि जुम्लामा देखिएको घटनापछि केही सतर्कता अपनाइए पनि सुर्खेतलगायत अन्य जिल्लामा यस्ता गतिविधि दोहोरिनु दुःखद हो । निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ नजिकिँदै जाँदा बालबालिकाको प्रयोग बढेको भन्दै निगरानीमा कडाई पनि गरेको छ । आयोगका अनुसार देशका विभिन्न स्थानमा राजनीतिक दल वा उम्मेदवारले बालबालिकालाई झण्डा, निर्वाचन चिह्न अंकित भेष्ट-टिसर्ट लगाएर प्रचारमा उतार्ने, सांस्कृतिक कार्यक्रम र जुलुसमा सहभागी गराउने, यहाँसम्म कि प्रतिद्वन्द्वीविरूद्धको गतिविधिमा समेत प्रयोग गर्ने गरेको उजुरी प्राप्त भएका छ न् । विद्यालय समयमै विद्यालय नजिकै चुनावी कार्यक्रम आयोजना गरेर शैक्षिक गतिविधिमा अवरोध पुऱ्याइएका उदाहरण पनि सार्वजनिक भइरहेका छन् ।यो प्रवृत्ति केवल आचारसंहिता उल्लंघन मात्र होइन, बालअधिकारमाथिको प्रत्यक्ष हस्तक्षेप हो ।

नेपालको संविधानको धारा ३९ ले प्रत्येक बालबालिकालाई शिक्षा, स्वास्थ्य, खेलकुद, मनोरञ्जन र सर्वाङ्गीण विकासको हक सुनिश्चित गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने स्पष्ट व्यवस्था गरेको छ । त्यस्तै, निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ (१) (ट) ले प्रचारप्रसार, आमसभा र जुलुसमा बालबालिकाको प्रयोग गर्न नहुने स्पष्ट उल्लेख गरेको छ । उल्लंघन गरेमा एक लाख रूपैयाँसम्म जरिवाना वा उम्मेदवारी रद्दसम्मको कारबाही हुन सक्ने प्रावधान पनि छ । कानुन यति स्पष्ट हुँदा पनि दोहोरिने लापरवाही क्षम्य हुन सक्दैन । बालबालिका राजनीतिक सचेतनाका विषय होइनन् भन्ने होइन । तर उनीहरूलाई दलगत प्रचारको साधन बनाउनु, भीड बढाउन प्रयोग गर्नु वा नारा लगाउन उक्साउनु उनीहरूको मनोवैज्ञानिक तथा सामाजिक सुरक्षामाथि खेलवाड गर्नु हो । निर्वाचन जस्तो संवेदनशील प्रक्रियामा हुने तनाव, भीड, सम्भावित झडप वा सामाजिक विभाजनको गम्भिर असर बालमस्तिष्कमा पर्नसक्छ । लोकतन्त्रको पाठ सिकाउने नाममा उनीहरूको निर्दोषता र अधिकारलाई जोखिममा राख्नु कुनै पनि दृष्टिले उचित ठहरिँदैन । यही सन्दर्भमा मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेशले राजनीतिक दलहरूलाई ध्यानाकर्षण गराउनु सकारात्मक कदम हो । दलका नेताहरूले पनि सार्वजनिक रूपमा प्रतिबद्धता जनाएका छन् । तर प्रतिबद्धता कागजमै सीमित छन् ।

बालबालिकासँगै जोडिने शैक्षिक संस्था पनि राजनीतिक गतिविधिबाट टाढा राख्नुपर्ने संवैधानिक र कानुनी दायित्व छ । तर बालबालिकासँगै शिक्षक स्वयं दलगत प्रचारमा संलग्न हुनु शिक्षा ऐन र निर्वाचन आचारसंहिताविपरीत मात्र होइन, नैतिक रूपले पनि अस्वीकार्य आचरण हो । निर्वाचन स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन कानुन बनाइएका छन् । तर कानुनको प्रभावकारिता कार्यान्वयनमा निर्भर हुन्छ । अनुगमन समिति, प्रशासन र निर्वाचन कार्यालयले सक्रिय निगरानी गर्नुपर्छ । उल्लंघन भेटिएमा 'चेतावनी'मै सीमित नभई आवश्यक कारबाही हुनुपर्छ । लोकतन्त्रको रक्षा बालअधिकारको सम्मानबाटै सुरू हुन्छ । राजनीतिक दलहरूले क्षणिक भीड र प्रचारको लोभ त्यागेर बालबालिकालाई विद्यालय, खेलमैदान र सिर्जनशील वातावरणमै सीमित राख्नुपर्छ । निर्वाचनमा विजयभन्दा पनि ठूलो कुरा लोकतान्त्रिक मूल्य र मानवअधिकारको संरक्षण हो । यदि हामीले बालबालिकालाई राजनीतिक हतियार बनायौं भने भविष्यका नागरिकलाई गलत सन्देश दिइरहेका हुन्छौं । त्यसैले चुनावी लाभका लागि बालबालिकाको प्रयोग तुरून्त रोक । लोकतन्त्रलाई बलियो बनाउन बालअधिकारको सम्मान गर । चुनावी प्रचारप्रसारमा बालबालिका प्रयोग नगर ।

सांसद मन्त्री बन्न नपाउने व्यवस्थाको खाँचो

उम्मेदवारहरूले सांसदको दायित्वविपरीत सरकारले गर्ने विकासको काम आफूले गरिदिने र बजेट ल्याइदिने भनेर मत माग्ने अभ्यास गलत



✍ खिमलाल देवकोटा



> ***पालिकाको भूगोल, जनसंख्या, गरिबीको स्तर र भौतिक पूर्वाधार विकासको अवस्थाका आधारमा स्रोत विनियोजन गर्न संसद्ले पहल गर्नुपर्छ । त्यसअनुसारको कानुन बनाउने, सरकारलाई जवाफदेही बनाउने प्रतिबद्धता व्यक्त गरेर उम्मेदवारले मत माग्नुपर्ने हो । तर, पालिका तहले गर्ने काम आफैं गर्छु भनेर मत माग्ने प्रवृत्ति छ ।***

नेपालको संविधान, २०७२ ले राज्यका संरचनालाई संघ, प्रदेश र स्थानीय गरी तीन तहमा विभाजन गरेको छ । स्थानीय प्रकृतिका कामको अभिभारा स्थानीय सरकारको र अन्तरपालिका समन्वय गर्ने जिम्मेवारी प्रदेश तहको हो भने राष्ट्रियस्तरका कामहरूको जिम्मा संघीय सरकारको हो ।

आउँदो २१ फागुनमा प्रतिनिधिसभा सदस्यको निर्वाचन हुन लागेको छ । तर, उम्मेदवारहरूले स्थानीय, प्रदेश र संघीय सरकारले गर्ने काम पनि आफूले नै गर्छु भन्दै प्रचार गरिरहेका छन् । स्थानीय सडक, विद्यालय भवन, पुल, खानेपानीलगायत पूर्वाधारका लागि बजेट ल्याइदिन्छु भनेर मत माग्ने प्रवृत्ति देखिएको छ, जुन गलत अभ्यास हो ।

संघीय सांसदको भूमिका, जिम्मेवारी र दायित्व भनेको विधेयकमाथि छलफल गर्ने र कानुन निर्माण गर्ने हो । प्रतिनिधिसभाले सरकार गठन गर्छ, र त्यही सरकार तथा त्यसका अंग-निकायले गरेका कामको अनुगमन गर्ने जिम्मेवारी सांसदको हो ।

पालिकाको भूगोल, जनसंख्या, गरिबीको स्तर र भौतिक पूर्वाधार विकासको अवस्थाका आधारमा स्रोत विनियोजन गर्न संसद्ले पहल गर्नुपर्छ । त्यसअनुसारको कानुन बनाउने, सरकारलाई जवाफदेही बनाउने प्रतिबद्धता व्यक्त गरेर उम्मेदवारले मत माग्नुपर्ने हो । तर, पालिका तहले गर्ने काम आफैं गर्छु भनेर मत माग्ने प्रवृत्ति छ ।

संघीय सरकारमा मन्त्री वा प्रधानमन्त्री बनेकाहरूले आफ्नै क्षेत्रमा बढी बजेट लैजाने प्रचलन छ । समस्या यहींबाट सुरु हुन्छ । विकासको अवस्था, मापदण्ड, सामाजिक-आर्थिक सुधारका सूचक, मानव विकास सूचकांक आदिका आधारमा स्रोत वितरण हुनुपर्छ । प्रादेशिक सन्तुलन कायम गर्ने विषयमा सांसदले विशेष ध्यान दिनुपर्छ ।

राष्ट्रिय सभा सदस्य रहँदा यस विषयमा मैले धेरै पटक आवाज उठाएको थिएँ । स्रोतसाधन मन्त्री र प्रधानमन्त्रीको क्षेत्रमा बढी केन्द्रित हुँदा त्यसले विकासको समानुपातिक वितरणलाई असर गर्छ । पालिकाको भूगोल, जनसंख्या, गरिबीको स्तर र भौतिक पूर्वाधार विकासको अवस्थाका आधारमा स्रोत विनियोजन गर्न संसद्ले पहल गर्नुपर्छ । त्यसअनुसारको कानुन बनाउने, सरकारलाई जवाफदेही बनाउने प्रतिबद्धता व्यक्त गरेर उम्मेदवारले मत माग्नुपर्ने हो । तर, पालिका तहले गर्ने काम आफैं गर्छु भनेर मत माग्ने प्रवृत्ति छ ।

संविधानले विकासको प्रमुख वाहकका रूपमा प्रदेशलाई मानेको छ । विकासका ठूला योजना प्रदेश तहसँग सम्बन्धित हुन्छन् । स्थानीय तहले भने स्थानीय सेवा प्रवाहमा केन्द्रित हुनुपर्छ । शिक्षा, स्वास्थ्य, खानेपानीदेखि पञ्जीकरण सेवासम्म सहज रूपमा उपलब्ध गराउने जिम्मेवारी स्थानीय सरकारको हो । वडा तहलाई कसरी प्रभावकारी र जिम्मेवार बनाउने भन्ने विषयमा कानुन बनाउन पहल गर्छौं भनेर मत माग्नुपर्ने हो । तर, उम्मेदवारहरूले आफ्नो भूमिका केन्द्रित भएर मतदातासँग छलफल गरेकै छैनन् ।

निर्वाचनका क्रममा मत माग्न जाने उम्मेदवारहरूले आफ्नो वास्तविक भूमिका मतदातालाई स्पष्ट रूपमा बुझाउनुपर्छ । सरकारलाई उत्तरदायी बनाउने, प्रदेश र स्थानीय सरकारको बजेट वृद्धि गर्न पहल गर्ने प्रतिबद्धता जनाउनुपर्छ ।

राजनीतिक दलहरू नै यस विषयमा स्पष्ट हुन आवश्यक छ । उम्मेदवारहरू दलकै सिफारिसमा आउने भएकाले दलले नै उनीहरूको भूमिकाबारे स्पष्ट मार्गदर्शन गर्नुपर्छ । घोषणापत्रमा पनि सोहीअनुसार उल्लेख हुनुपर्छ । तर, दलहरूले घोषणापत्रमा लेखेका काममसमेत प्रभावकारी रूपमा कार्यान्वयन गरेका छैनन् ।

पहुँच भएका सांसदहरूले बजेट आफ्नो क्षेत्रमा केन्द्रित गर्ने र कमजोर सांसदहरू संसद्मा आवाज उठाउन मात्र सीमित हुने अवस्था देखिन्छ । यो असन्तुलन सुधार गर्न नीतिगत व्यवस्था आवश्यक छ, र यसको जिम्मेवारी राजनीतिक दलकै हो । दलहरूलाई अझ जिम्मेवार र उत्तरदायी बनाउनुपर्छ ।

जनतालाई बुझाउनुपर्ने कुरा

उम्मेदवार भोट माग्न जाँदा जनताले सुविधा र विकास माग्नु स्वाभाविक हो, किनकि सबै ठाउँमा स्रोतसाधन समान रूपमा पुगेका छैनन् । पर्याप्त स्रोत प्राप्त होस् भन्ने अपेक्षा अस्वाभाविक होइन । उपलब्ध स्रोतको न्यायोचित वितरण गर्नुपर्नेमा सरकार कमजोर देखिएको छ ।

निर्वाचनका क्रममा मत माग्न जाने उम्मेदवारहरूले आफ्नो वास्तविक भूमिका मतदातालाई स्पष्ट रूपमा बुझाउनुपर्छ । सरकारलाई उत्तरदायी बनाउने, प्रदेश र स्थानीय सरकारको बजेट वृद्धि गर्न पहल गर्नुपर्छ । सूचकका आधारमा सबै वडामा बजेट वितरण गरियो भने देशभर समान रूपमा विकासको अवसर पुग्न सक्छ ।

सांसद, मन्त्री र प्रधानमन्त्री बन्नका लागि निश्चित मापदण्ड (बेन्चमार्क) आवश्यक छ । प्रधानमन्त्री दुई कार्यकाल, मन्त्री तीन कार्यकाल र सांसद लगातार दुई कार्यकालभन्दा बढी बन्न नपाउने व्यवस्था हुनुपर्छ । एक कार्यकालको अन्तरालपछि पुनः निर्वाचन लड्न पाउने व्यवस्था गरिए नयाँ नेतृत्वलाई अवसर मिल्छ । एउटै व्यक्ति दोहोरिइरहने अवस्था पनि रहँदैन ।

सांसदको भूमिका सिंहदरबार र संसद्भित्र नीति निर्माण तथा निगरानी गर्ने हो, वडा अध्यक्षजस्तो गाउँ गाउँमा पुगिरहनुपर्ने होइन ।

सांसद मन्त्री बन्न नपाउने संवैधानिक व्यवस्था गर्दा पनि धेरै समस्या समाधान हुन्छ । अमेरिका, स्विजरल्यान्ड र कोरियाजस्ता देशहरूमा यस्तो अभ्यास छ । सांसद बन्न निर्वाचनमा गरिएको खर्च असुल्न मन्त्री बन्ने प्रवृत्ति पनि यसले घटाउँछ । सांसदलाई संसद् र समितिको काममा केन्द्रित गराउन आवश्यक तलब-सुविधा मात्र दिने र अतिरिक्त सुविधा सीमित गर्नुपर्छ ।

सांसदको भूमिका सिंहदरबार र संसद्भित्र नीति निर्माण तथा निगरानी गर्ने हो, वडा अध्यक्षजस्तो गाउँ गाउँमा पुगिरहनुपर्ने होइन । तर, स्थानीय जनताका समस्या र गुनासा संसद्मा उठाउने जिम्मेवारी सांसदकै हो भन्ने कुरा जनतालाई बुझाउन आवश्यक छ । यसबारे जनचेतना फैलाउने जिम्मेवारी पनि राजनीतिक दलकै हो ।

निर्वाचनका बेला ठूला सपना बाँड्ने प्रवृत्तिका कारण पछि सांसदहरू स्वयं अप्ठ्यारोमा पर्ने गरेका छन् । अर्कातर्फ, जनताले पनि पर्याप्त रूपमा प्रश्न उठाइरहेका छैनन् । सांसदले आफ्नो भूमिका कसरी निर्वाह गऱ्यो, कानुन निर्माणमा कति योगदान गऱ्यो, जनताका समस्या समाधान गर्न कस्ता नीतिगत पहल गरियो भन्ने विषयमा जनताले सचेत भएर प्रश्न गर्नुपर्छ ।

मनोरञ्जन

नेपाल छांयाकनका लागि उत्कृष्ट गन्तव्य, कोरियन निर्देशकले गरे तारिफ

सगरमाथा आधार शिविरमा कोरियन 'ब्ल्याक याक अन्तर्राष्ट्रिय ब्राण्ड' विज्ञापनको छायाँकन सकिएको छ ।

नेपाली टोलीको सहयोगमा हिउँद मौसममा पनि छांयाकन सफल भएकोमा कोरियन टोलीले खुशी व्यक्त समेत गरेको छ ।

छायांकन समापनपछि पाँचौं पटक नेपाल आएका विज्ञापनका छांयाकार लियो हर्नले फेब्रुअरी सुटिङको लागि उपयुक्त मौसम नभएपनि मौसमले साथ दिएको कारण अविश्वसनीय दृश्यहरू खिच्न पाएको बताए । त्यस्तै उनले नेपालमा सुटिङ गर्न आउनको लागि अरुलाई सुझाव पनि दिए । उनले भने, 'यो मेरो नेपालमा पाँचौं पटक हो। फेब्रुअरी सुटिङका लागि उपयुक्त मौसम नभए पनि यहाँ हिउँ त्यति धेरै छैन तर सुटिङका लागि पर्याप्त थियो । चिसो अत्यधिक थिएन र मौसमले साथ दिएको कारण अविश्वसनीय दृश्यहरू खिच्न पाइयो । सुटिङ सजिलै सम्पन्न भयो । नेपालमा सुटिङ गर्न आउनको लागि म अरुलाई पनि सुझाव दिन चाहन्छु ।' त्यस्तै निर्देशक योङजिन युनले नेपालमा सुटिङको आफ्नो पहिलो अनुभव रहेको बताउँदै हिमालय क्षेत्रको छ/सात दिनको सुटिङ एकदमै उत्साहपूर्वक सकिएको धारणा राखे । सुटिङका क्रममा देखिएका प्रत्येक प्राकृतिक सौन्दर्यले आफूलाई मोहित बनाएको बताउँदै उनले यस्तो दृश्य अरु देशमा कतै नदेखेको प्रतिक्रिया दिए । उनले नेपाल उत्कृष्ट छायांकन स्थल भएकोप्रति प्रशंसा व्यक्त गरे ।

उनले २०० भन्दा बढी फिल्म निर्देशन गरिसकेको अनुभव सुनाउँदै नेपालमा जस्तो सुटिङको लागि उपयुक्त दृश्यहरू अन्य स्थानमा नपाइने बताए। हिमालय क्षेत्रमा भएको उक्त सुटिङ आफूहरुको लागि विशेष बनेको उनले सुनाए।

'मैले यसअघि २०० भन्दा बढी फिल्म निर्देशन गरिसकेको छु। तर यहाँको जस्तो प्राकृतिक सुन्दरता अन्य कहीं देखेको थिइन। त्यसैले पनि यहाँको सुटिङ मेरो लागि विशेष बनेको छ । अरु देशमा सुटिङका लागि यस्तो उपयुक्त दृश्य पाइँदैन, हिमालय क्षेत्रमा आएर सुटिङ गर्ने निर्णय उत्कृष्ट बन्यो । यो मौसममा यहाँ आएर सुटिङ गर्न सकिएला कि नसकिएला भन्ने आशंका थियो तर सम्पूर्ण टिमको मेहनत र साथले गर्दा हामी सफल भयौं,' उनले भने । कलाकारहरूले पनि सगरमाथा आधार शिविरमा सुटिङ गर्न पाउँदा एकदमै रमाइलो अनुभव भएको सुनाए ।

सोरा एडभेन्चर ट्रक्स एन्ड एक्सपिडिसनका सञ्चालक तथा पर्यटन व्यवसायी नीमा निरु शेर्पाले नेपालमा सुटिङको प्रक्रिया धेरै झन्झटिलो रहेको गुनासो गरिन् । उनले भनिन्, 'सुटिङको प्रक्रिया झन्झटिलो छ । सरकारी प्रक्रियाहरू एकदमै झन्झटिला छन् । सरकारले पर्यटन प्रवर्द्धन गर्ने भन्दापनि व्यवसायीलाई अप्ठ्यारो पर्ने कानुनी जटिलताहरू छन् । एउटा सुटिङका लागि पाँच सात ओटा मन्त्रालयमा धाउनुपर्छ। लामो समय प्रक्रिया लागि नै वेथित हुनुपर्ने अवस्था छ ।'

उनले भने, 'सरकारले सुटिङको विषयमा सहजिकरण गरिदिने हो भने धेरै भन्दा धेरै डकुमेन्ट्री र ठूला पर्दाको सुटिङ गर्न नेपाल आउने सम्भावना रहेको छ ।'

सुटिङ सम्पन्नपछि विदेशी टोलीहरू खुसीका साथ स्वदेश फर्किसकेका छन् ।

नेपालको हिमालय क्षेत्रले अन्तर्राष्ट्रिय फिल्म र विज्ञापन छायांकनमा विशेष पहिचान बनाउँदै गएको छ ।

प्राकृतिक सुन्दरतासँगै प्रशासनिक सहजीकरणको सुधारले देशलाई फिल्मिङ गन्तव्यको रूपमा अझ मजबुत बनाउन सक्छ ।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले नेपाललाई 'अन्तर्राष्ट्रिय फिल्म छायांकनको गन्तव्य' को रुपमा विकास गर्ने उद्देश्यसहित चलचित्र विकास बोर्ड र नेपाल पर्यटन बोर्डले आपसी समझदारी भइसकेको जनाएका छन् ।

विश्व

मोदीलाई "भाइ" भन्दै इजरायलको पक्षमा अभिएकोमा नेतान्याहूले दिए धन्यवाद

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले इजरायलको संसद 'केनेसट'मा सम्बोधन गर्दै कुनै पनि कारणले नागरिकको हत्या उचित नहुने बताएका छन् । दुईदिने इजरायल भ्रमणको पहिलो दिन बुधबार गरिएको उक्त सम्बोधनमा उनले गाजामा जारी युद्धबारे इजरायलको पक्षमा दृढ समर्थन जनाएका थिए ।

मोदीले ७ अक्टोबर २०२३ मा हमास नेतृत्वको आक्रमणलाई बर्बर भन्दै निन्दा गरे । उनले भारत इजरायलको साथमा पूर्ण विश्वासका साथ अहिले र आगामी दिनमा पनि उभिने बताए । केनेसटमा सम्बोधन गर्ने उनी पहिलो भारतीय प्रधानमन्त्री हुन् ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले बेन गुरियन अन्तर्राष्ट्रिय विमानस्थलमा मोदीलाई स्वागत गरेका थिए । केनेसटमा सम्बोधन गर्दै नेतान्याहूले भारतले ७ अक्टोबरपछि इजरायलको साथ दिएकोमा धन्यवाद व्यक्त गर्दै मोदीलाई 'साथीभन्दा बढी, एक भाइ'को संज्ञा दिएका थिए ।

मोदीले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले अनुमोदन गरेको गाजा शान्ति पहलप्रति भारतको दृढ समर्थन रहेको उल्लेख गरे । उक्त पहलले क्षेत्रीय जनताका लागि 'न्यायपूर्ण र



दिगो शान्ति'को मार्ग खोल्ने विश्वास भारतले राखेको उनको भनाइ थियो ।

भारत र इजरायलबीच व्यापार, सुरक्षा, कृत्रिम बुद्धिमत्ता र क्वान्टम प्रविधिमा सहकार्य विस्तार भइरहेको बताउँदै मोदीले सम्बन्धलाई अझ सुदृढ बनाउने प्रतिबद्धता जनाए । सन् २०२०-२०२४ बीच भारतले इजरायलबाट करिब २०.५ अर्ब डलर बराबरको हतियार खरिद गरेको बताइएको छ । सन् २०२४ मा दुई देशबीचको व्यापार ३.९ अर्ब डलर पुगेको थियो । यद्यपि, गाजामा जारी युद्धका कारण मोदीले आलोचना पनि सामना गरेका छन् ।

भारतको कंग्रेस पार्टीका सांसद इमरान मसूदले गाजामा बालबालिकाको मृत्युबारे आवाज उठाउन आग्रह गरेका छन् । भारतका वामपन्थी नेताहरूले समेत इजरायलसँगको नजिकिँदो सम्बन्धलाई भारतको परम्परागत प्यालेस्टाइन समर्थन नीतिविपरीत भएको टिप्पणी गरेका छन् ।

गत साता भारतले पश्चिम किनारामा इजरायलले नियन्त्रण विस्तार गर्ने कदमको विरोध गर्दै अन्य सयभन्दा बढी देशसँगै वक्तव्य जारी गरेको थियो । प्रधानमन्त्री मोदी बिहीबार पनि इजरायलमै रहने कार्यक्रम छ ।

काँक्रेविहार
राष्ट्रिय दैनिक
www.kankrebihar.com

भोटको सिजन, रोजगारीको अभाव



❐ काँक्रेविहार संवाददाता
धनगढी, १४ फागुन

प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा सुदूरपश्चिमका गाउँ-सहर चुनावी नाराले रंगिन थालेका छन् । उम्मेदवारहरू मञ्चमा उभिएर विकासका सपना बाँडिरहेका छन् । ठूला सडक, आधुनिक पूर्वाधार, अस्पताल, कलेज, तर मतदाताको मनमा एउटै प्रश्न गुञ्जिरहेको छ, रोजगारी कहिले ?

हरेक चुनावअघि नेताहरू आश्वासनको भारी बोकेर गाउँ पसेका छन् । तर चुनाव सकिएपछि ती वाचा कागजमै सीमित हुने क्रम दोहोरिँदै आएको स्थानीयको गुनासो छ ।

कैलालीको लम्कीचुहा-५ की राधा विक भन्छिन्, हाम्रा बालबच्चा सबै विदेश गएका छन्। हामीलाई यहीं काम चाहियो । कञ्चनपुरको बेदकोटकी भूमेश्वरी महराको प्रश्न पनि उस्तै छ । ठूला योजना भन्दा पहिले बाँच्ने आधार चाहियो, रोजगारी चाहियो ।

धनगढी-१५ उर्माकी मनमाया लुहारका १७ वर्षे छोरा पढाइ छाडेर भारतको बैंग्लोर पुगेका छन् । मेरो छोराको काँधमा झोला हुनुपर्ने उमेरमा भारी छ । देश कसका लागि बन्छ ? उनी प्रश्न गर्छिन् ।

लम्कीचुहाकी ११ वर्षीया मनिषा विक हजुरबुबा-हजुरआमासँग बस्छिन् । उनका आमाबुवा भारतमा मजदुरी गर्छन् । आमाबा चार वर्षदेखि आउनुभएको छैन, उनी भन्छिन् । उस्तै अवस्था १० वर्षीया विमला विकको पनि छ । घर धान्न नसकेपछि उनका आमाबुवा भारत गएका छन् ।

सुदूरपश्चिमका गाउँमा यस्ता कथा सामान्यजस्तै बनेका छन । जहाँ चुलो बल्न परिवार टुक्रिनुपर्ने बाध्यता छ ।

भारत नजिक, रोजगारी उतै

सुदूरपश्चिमबाट भारतका सहर काठमाडौँभन्दा नजिक छन् । काम, बजार, उपचार–सबै उतै सहज छ । उत्तराखण्डदेखि मुम्बई, बैंग्लोरसम्म सुदूरपश्चिमेलीको पसिना बगिरहेको छ । अनुमानित पाँच-छ लाख मानिस भारतमा श्रम गरिरहेका छन् । तथ्यांक यकिन छैन, तर पलायनको लहर वर्षौंदेखि रोकिएको छैन । कोरोना कालमा फर्किएका धेरै युवाले गाउँमै केही गर्ने सपना देखेका थिए । तर पर्याप्त अवसर र सहजीकरण नहुँदा अधिकांश फेरि भारत फर्किए ।

बजेटका घोषणा, कार्यान्वयन शून्य

प्रदेश सरकारले अघिल्ला वर्षहरूमा अर्बौंको बजेट ल्याउँदै रोजगारी सिर्जना गर्ने दाबी गऱ्यो । कृषि, उद्यम, स्वरोजगार कोषका कार्यक्रम घोषणा भए । तर स्थानीयको आरोप छ । बिनाधितो ऋण झन्झटिलो भयो, अनुदान वास्तविक किसानसम्म पुगेन, स्वरोजगार कार्यक्रम कागजमै सीमित भए, नतिजा–गाउँ फर्किएका युवाले भविष्य देखेनन् ।

फागुन २१ को निर्वाचन नजिकिँदै गर्दा नेताहरू फेरि गाउँ पसिरहेका छन् । विकासका नयाँ सूची सार्वजनिक भइरहेका छन् । तर यसपटक मतदाता चुपचाप सुन्ने मनस्थितिमा छैनन् । धनगढीकी स्नातकोत्तर उत्तीर्ण सनम राना पनि विदेश जाने तयारीमा छिन् । डिग्री छ, अवसर छैन, उनी भन्छिन्, अब बन्ने सरकारले रोजगारी दिनैपर्छ ।

चुनाव विरोधी गतिविधिको आशंकामा ८ जना नियन्त्रण



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १४ फागुन

यही फागुन २१ गते हुन गइरहेको निर्वाचनमा शान्ति सुरक्षालाई सुदृढ बनाउने उद्देश्यले प्रहरीले सुर्खेत जिल्लाका विभिन्न स्थानबाट चुनाव विरोधी गतिविधिमा संलग्न हुन सक्ने आशंकामा आठ जनालाई नियन्त्रणमा लिएको छ ।

प्रहरीका अनुसार नियन्त्रणमा लिइएका व्यक्ति विभिन्न राजनीतिक दलसँग आबद्ध रहेका छन् । सम्भावित अवाञ्छित गतिविधि रोकथाम तथा जिल्लाको समग्र सुरक्षा अवस्थालाई मध्यनजर गर्दै उनीहरूलाई आवश्यक सोधपुछ र अनुसन्धानका लागि नियन्त्रणमा लिइएको जनाइएको छ ।

नियन्त्रणमा लिइएकामध्ये सुर्खेत, कालिकोट, कैलाली र रुकुम पश्चिम जिल्लाका बासिन्दा रहेका छन् । सम्बन्धित निकायले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यले सुरक्षा सतर्कता थप कडा बनाइएको जनाएको छ ।

प्रहरीले निर्वाचन अवधिभर कानुन विपरीतका गतिविधिमा संलग्न नहुन सबै पक्षलाई आग्रह गर्दै शान्ति, सुव्यवस्था र सामाजिक सद्भाव कायम राख्न सर्वसाधारण तथा राजनीतिक दलहरूलाई सहयोग गर्न अपिल गरेको छ ।

प्रहरीका अनुसार नियन्त्रणमा लिइएकाहरूमा वीरेन्द्रनगर नगरपालिका-१ बाङ्गेसिमल निवासी ६६ वर्षीय नारायण न्यौपाने (क्रान्तिकारी कम्युनिष्ट पार्टीका जिल्ला इन्चार्ज), कालिकोट नरहरिनाथ गाउँपालिका-७ निवासी ३० वर्षीय धिर दर्जी उर्फ डेबिट परियार ।

(वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टीका जिल्ला सचिव), सान्नी त्रिवेणी गाउँपालिका-६ निवासी ४१ वर्षीय कर्णबहादुर बी.सी. (क्रान्तिकारी कम्युनिष्ट पार्टीका ब्युरो सदस्य) तथा कैलाली धनगढी उपमहानगरपालिका-१२ निवासी ३८ वर्षीय श्याम कुँवर (वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टीका जिल्ला सचिव) रहेका छन् ।

त्यस्तै वीरेन्द्रनगर नगरपालिका-११ निवासी ४५ वर्षीय राजु भन्ने राजकुमार पौडेल (ने.क.पा. बहुमतका जिल्ला सचिव), भेरीगंगा नगरपालिका-१२ झुल्ने निवासी ५४ वर्षीय रन्त बहादुर वली (ने.क.पा. क्रान्तिकारीका सुर्खेत जिल्ला कमिटी सचिव), भेरीगंगा नगरपालिका-९ ठुलाजात्रा निवासी ६६ वर्षीय पूर्ण तिरुवा

(ने.क.पा. बहुमतका वडा कमिटी सदस्य) तथा रुकुम पश्चिम चौरजहारी नगरपालिका-८ निवासी ३८ वर्षीय मान बहादुर मल्ल (पार्टी आबद्धता नखुलेको) रहेका छन्। यस घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

निर्वाचन...

गठन गरेको छ ।

जिल्लास्तरमा एसपी/एसएसपी कमाण्ड

प्रवक्ता काफ्लेका अनुसार हरेक जिल्लामा कम्तीमा एसपी स्तरको अधिकृतबाट सुरक्षा कमाण्ड हुने व्यवस्था मिलाइएको छ । पहाडी जिल्लामा डीएसपीले नेतृत्व गर्दै आएका स्थानमा एसपी खटाइएका छन् भने जोखिम मूल्यांकनका आधारमा केही जिल्लामा एसएसपीसमेत परिचालन गरिएको छ । केही अधिकृतलाई एकैपटक दुई जिल्लासम्मको कमाण्ड दिइएको छ ।

निर्वाचन सुरक्षाका लागि उपत्यकाबाट मात्रै १२ हजार ७ सय भन्दा बढी प्रहरी थप परिचालन गरिएको छ । ट्राफिक, अपराध अनुसन्धान, विभिन्न ब्यूरो र विशेष युनिटहरू पनि सक्रिय पारिएका छन् । ट्राफिक प्रहरी निर्वाचन सुरक्षामा खटिँदा उपत्यकाको सवारी व्यवस्थापनमा समेत असर परेको छ ।

साइबर निगरानीदेखि सीमा नाकासम्म कडाइ

निर्वाचन अवधिमा साइबर चुनौतीलाई मध्यनजर गर्दै प्रहरी प्रधान कार्यालयमा विशेष मनिटरिङ डेस्क स्थापना गरिएको छ । सामाजिक सञ्जाल निगरानी, निर्वाचन आयोगमा साइबर डेस्क तथा साइबर ब्यूरोमार्फत अनलाइन गतिविधिको निगरानी भइरहेको छ । शंकास्पद स्थानहरूमा तालिमप्राप्त कुकुरसहित गस्ती, सीमा नाकामा कडा निगरानी र आवश्यक समन्वय गरी नाका बन्द गर्ने तयारी गरिएको छ ।

जिल्ला सुरक्षा समितिदेखि गृहमन्त्रालयको केन्द्रीय सुरक्षा समितिसम्म दैनिक बैठक बसेर सुरक्षा विश्लेषण र रणनीति परिमार्जन गर्ने कार्य जारी रहेको प्रहरीले जनाएको छ । नेपाल प्रहरीले यसपटकको निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउन बहुस्तरीय सुरक्षा घेरा तयार पारेको दाबी गरेको छ ।

तटबन्ध निर्माण भएपछि बाढी र डुबानको त्रासबाट राहत

❐ काँक्रेबिहार संवाददाता
महेन्द्रनगर, १४ फागुन

वर्षौंदेखि बाढीको मार खेप्दै आएको कुतियाकवर बस्ती जोगबुढा नदीमा तटबन्ध निर्माण भएपछि सुरक्षित बनेको छ । दोधारा चाँदनी नगरपालिका-१० स्थित कुतियाकवरमा ८ सय १६ मिटर लामो तटबन्ध निर्माण भएसँगै स्थानीयले बाढी र डुबानको त्रासबाट राहत महसुस गरेका छन् । पूर्वमा महाकाली नदी र उत्तरमा जोगबुढा नदी को दोसाँधमा रहेको यो बस्ती हरेक वर्ष वर्षायाममा डुबान र कटानबाट प्रभावित हुँदै आएको थियो। नदीको कटानका कारण विगतमा बिर्घौं जग्गा महाकालीमा समाहित भएको स्थानीय खडक बुढाले बताए । उनका अनुसार तटबन्ध निर्माणपछि वर्षायाममा अन्यत्र बसाइ सर्नुपर्ने बाध्यता हटेको छ । वडाध्यक्ष चन्द्रबहादुर सिंहले तटबन्धले बस्तीलाई सुरक्षित बनाएको र आगामी दिनमा अन्य स्थानमा पनि यस्ता संरचना निर्माण हुँदै गएको जानकारी दिए । उनका अनुसार महाकाली नदीतर्फ करिब ४ सय मिटर क्षेत्रमा अझै तटबन्ध आवश्यक छ । गत आर्थिक वर्षमा सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना महेन्द्रनगर मार्फत रु ५ करोड १६ लाख ६७ हजार लागतमा शंकर कन्ट्रक्सनसँग ठेक्का सम्झौता गरी तटबन्ध निर्माण गरिएको हो । सम्झौताअनुसार २०८२ चैत २५ भित्र काम सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । आयोजनाका प्रमुख रञ्जनराज भट्टराईका अनुसार कञ्चनपुरका महाकाली, जोगबुढा र दोदा नदी तथा कैलालीको मोहना-कुटिया क्षेत्रमा समेत नदी नियन्त्रणका काम भइरहेको छ। तर स्रोत अभावका कारण केही योजनामा करिब रु १० करोड बजेट अपुग रहेको उनले बताए । विसं २०२२ सालदेखि बसोबास रहेको कुतियाकवरमा डेढ सय परिवार बसोबास गर्दै आएका थिए । नदी कटान बढेपछि करिब १ सय परिवार विस्थापित भइसकेका छन् । तटबन्ध निर्माणपछि अब पलायन रोकिने अपेक्षा थानीयको छ ।

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
लकान्द्र, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाईंसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा महाशाखा
कर्णाली प्रदेश, सुर्खेत

अनिश्चितता र अशान्तिको समयमा आफैलाई सहयोग गर्ने तरिका

शिक्षकका लागि,

जब हिंसा र अशान्तिपछि विद्यालयहरू पुनः खुल्छन्, शिक्षकहरू त्यस्ता कक्षा कोठाहरूमा प्रवेश गर्छन् जहाँ पाठ्यपुस्तक र पाठहरू मात्र हुँदैनन् । ती कक्षा कोठाहरूले बालबालिकाका डर, दुःख र अलमललाई पनि समेटेका हुन्छन् । केही बालबालिकाले हिंसा देखेका हुन सक्छन् । प्रदर्शनमा सामेल भएका हुन सक्छन् वा आफ्ना प्रियजनहरू गुमाएका हुन सक्छन् । जब कि उनीहरूले असुरक्षित वा अनिश्चित महशुस मात्र गरेका पनि हुन सक्छन् । एक शिक्षकको रूपमा तपाईंको धेरै जिम्मेवारीहरू छन्। जसमा आफ्नो ख्याल राख्नु र आफ्ना विद्यार्थीहरूको हेरचाह गर्नु समावेश छ। यदि तपाई आफै ठीक हुनुहुन्न भने, तपाईं आफ्ना विद्यार्थीहरूलाई सहयोग गर्न सक्नुहुन्न । जब तपाई शान्त र स्थिर महशुस गर्नुहुन्छ, तपाईले अरूलाई सहयोग गर्ने, आशा दिने र शान्ति ल्याउने कक्षा कोठा सिर्जना गर्न सक्नुहुन्छ ।

आफ्नो ख्याल राख्नुहोस्

- सबैभन्दा पहिले स्वास्थ्यलाई प्राथमिकता दिनुहोस्: यदि तपाईं आफैं स्वस्थ महशुस गर्नुहुन्न भने, तपाईं राम्रोसँग सिकाउन सक्नुहुन्न ।
- अनिश्चितता र पीडालाई सामान्य रूपमा स्वीकार गर्नुहोस्: गाह्रो समयमा तनाव वा चिन्ता महशुस गर्नु सामान्य हो। आफूलाई ती भावनाहरू महशुस गर्न दिनुहोस् ।
- तनावले तपाईलाई कसरी असर गर्छ, ध्यान दिनुहोस्: निन्द्रा, मुड वा ऊर्जामा आएको परिवर्तनलाई नियाल्नुहोस् । यदि तपाईलाई धेरै भारी महशुस हुन्छ भने, विश्वासिलो व्यक्तिसँग कुरा गर्नुहोस् ।
- तपाईले नियन्त्रण गर्न सक्ने कुराहरूमा ध्यान केन्द्रित गर्नुहोस्: साधारण दैनिक तालिका बनाउनुहोस् । नियमित रूपमा खाने, पानी पिउने, सुत्ने र व्यायाम गर्ने गर्नुहोस्। छोटो हिँडाइ वा सुत्नुअघि मोबाइल तथा कम्प्यूटर उपकरणहरू बन्द गर्नाले पनि मद्दत गर्न सक्छ ।
- जानकारी/समाचारलाई सावधानीपूर्वक व्यवस्थापन गर्नुहोस्: तनावपूर्ण समाचारहरू सीमित गर्नुहोस् र विश्वसनीय स्रोतहरू छान्नुहोस् । सामाजिक सञ्जालको प्रयोगमा सचेत रहनुहोस् ।
- लेख्नुहोस्: चिन्ताहरूलाई डायरीमा लेख्दा तपाईले व्यवस्थापन गर्न सक्ने कुराहरू देख्न मद्दत गर्न सक्छ । कृतज्ञताको डायरी राख्दा सकारात्मकता बढाउन सक्छ ।
- आराम लिनुहोस्: पाठहरूबीचका केही मिनेटको विश्राम वा सहकर्मी/विद्यार्थीहरूसँग रमाइलो गतिविधिहरूले पनि थकान कम गर्न मद्दत गर्न सक्छ ।
- तपाईलाई सकारात्मक ऊर्जा दिने मानिसहरूसँग समय बिताउनुहोस्: तपाईको ऊर्जा सोस्ने मानिसहरूसँग सीमाहरू तोकेर आफ्नो ऊर्जाको रक्षा गर्नुहोस् ।
- सामुदायिक वा आध्यात्मिक कार्यहरूमा संलग्न हुनुहोस्: आस्था, स्वयम्सेवा वा दयाका साना कार्यहरूमार्फत तपाईलाई उद्देश्य र सम्बन्ध दिने सामुदायिक वा आध्यात्मिक अभ्यासहरूमा संलग्न हुनुहोस् ।
- वर्तमानमा रहनुहोस् । अहिले के भइरहेको छ, त्यसमा ध्यान केन्द्रित गर्नुहोस्: चाहे त्यो पढाउने काम होस्, प्रियजनहरूसँगको समय होस् वा एक्लै बिताएको शान्त क्षण नै होस् ।
- एकअर्कालाई सहयोग गर्नुहोस: शिक्षक साथीहरूसँग कुरा गर्नुहोस्, विचारहरू साझा गर्नुहोस् र एकअर्काको हालखबर सोध्नुहोस् ।
- व्यवस्थित रहनुहोस्: पाठ योजनाहरू पहिले नै तयार गर्दा दैनिक तनाव कम गर्न सक्छ ।
- आफूप्रति धैर्यवान् बन्नुहोस्: सबैले नयाँ सीपहरू सिकिरहेका छन् । एक्लै चिन्ता गर्नुको सट्टा प्रश्नहरू सोध्नुहोस् ।
- आफ्नो सीमा जान्नुहोस्: तपाई सबै कुराको लागि जिम्मेवार हुनुहुन्न। आवश्यक परेमा सहयोग खोज्नुहोस् । विद्यालय व्यवस्थापन, अभिभावक र समुदायमा भर पर्नुहोस् ।
- यदि तपाईलाई सामना गर्न गाह्रो भइरहेको छ भने मनोसामाजिक परामर्शदाता वा स्वास्थ्यसंस्थाबाट सहयोग खोज्नुहोस् ।

तीन निर्वाचन क्षेत्र जोड्ने दामोदर सडक पाँच वर्षदेखि अलपत्र

❐ काँक्रेविहार संवाददाता

दाङ, १४ फागुन

दाङका तीन वटै निर्वाचन क्षेत्रलाई जोड्ने महत्त्वपूर्ण दामोदर सडकखण्ड पाँच वर्षदेखि कालोपत्र नहुँदा स्थानीयवासीले सास्ती खेप्नुपरेको छ। तुलसीपुर उपमहानगरपालिका-१४ जितपुर क्षेत्रमा पर्ने यो सडक दाङको 'गौरवको योजना' का रूपमा प्रचार गरिए पनि काम अलपत्र अवस्थामा छ।

घोराही-तुलसीपुर-बबई गाउँपालिका जोड्ने यो सडक रणनीतिक रूपमा महत्त्वपूर्ण मानिन्छ। घोराही-५ डाँगीगाउँ निर्वाचन क्षेत्र नं. १ मा पर्छ भने घोराही-८ र तुलसीपुर-८ भैसापत्रा क्षेत्र नं. २ मा पर्छन्। तुलसीपुर-१४ भने क्षेत्र नं. ३ मा पर्दछ। यसरी तीन वटै निर्वाचन क्षेत्रलाई एउटै सडकले जोड्ने भए पनि बीच खण्डमै कालोपत्र रोकिँदा स्थानीयमा असन्तुष्टि बढेको छ।

घोराहीबाट बबई गाउँपालिकाको हापुरसम्म जोड्ने दामोदर सडकखण्डमा कालोपत्रका लागि ग्राभेल हालिएको पाँच वर्ष नाघिसक्यो। तर अहिलेसम्म स्तरोन्नति हुन सकेको छैन। स्थानीयका अनुसार घोराहीको नैनवारसम्म कालोपत्र गरिएको भए पनि त्यसपछिको करिब १८ किलोमिटर खण्ड अधुरै छ।

स्थानीय नारायण खड्काका अनुसार, हाम्रो वडाको बीच भागमै कालोपत्र रोकिएको छ। अन्यत्र काम भएको देखिन्छ, तर यहाँका नागरिकले वर्षौंदेखि धुलो र हिलो सहनुपरेको छ। वरिपरिका क्षेत्रमा सडक कालोपत्र भइसके पनि तुलसीपुर-१४ जितपुर खण्ड उपेक्षित जस्तै देखिएको स्थानीयको गुनासो छ।

दामोदर सडकलाई पश्चिम दाङ जोड्ने वैकल्पिक मार्गका रूपमा समेत हेरिएको छ। सडक स्तरोन्नति भएमा स्थानीय कृषि उत्पादन बजारसम्म सहजै पुऱ्याउन सकिने अपेक्षा गरिएको छ। तर पाँच वर्ष बितिसक्दा पनि निर्माण कार्य अघि नबढ्दा यो 'गौरवको योजना' कागजमै सीमित हुने हो कि भन्ने चिन्ता स्थानीयमा बढ्दै गएको छ।

यसैबिच, मुख्य निर्वाचन अधिकृतको कार्यालय सल्यानले निर्वाचन तयारी तीव्र पारेको जनाएको छ। मुख्य निर्वाचन अधिकृत प्रल्हादकुमार योगीका अनुसार मतदान केन्द्रको सुरक्षा व्यवस्थापन, आवश्यक निर्वाचन सामग्रीको प्याकेजिङ तथा ढुवानी, कर्मचारी परिचालन र समन्वयका कार्य अन्तिम चरणमा पुगेका छन्।

उनका अनुसार मतदान केन्द्रको संवेदनशीलताका आधारमा सुरक्षा प्रबन्ध मिलाइएको छ। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र म्यादी प्रहरी परिचालन गरी मतदानलाई शान्तिपूर्ण र भयमुक्त बनाइने तयारी गरिएको छ।

आवश्यक मतपत्र, मतपेटिका, सिल, छाप र मतदाता नामावली समयमै सम्बन्धित केन्द्रमा पुऱ्याइने जनाइएको छ। जिल्लामा यसपटक एक लाख ६२ हजार ४४९ मतदाता रहेका छन्। तीमध्ये ८३ हजार ३२१ पुरुष र ७९ हजार १२८ महिला मतदाता रहेका छन्। प्रतिनिधि सभा सदस्य पदका लागि १४ जना उम्मेदवार प्रतिस्पर्धामा छन्।

सल्यानका प्रमुख जिल्ला अधिकारी महेन्द्रकुमार सापकोटाले निर्वाचनलाई निष्पक्ष, पारदर्शी र विश्वसनीय बनाउन सबै निकायबिच समन्वय गरिएको बताए। उनले मतदानका दिन सार्वजनिक बिदा दिइने र मतदातालाई समयमै मतदान केन्द्रमा उपस्थित भई आफ्नो लोकतान्त्रिक अधिकार प्रयोग गर्न आग्रह गरे।

कर्मचारी अभिमुखीकरण, सुरक्षा तयारी र सामग्री व्यवस्थापनसँगै सल्यानमा निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको सम्बन्धित निकायले जनाएको छ।

ट्राफिक प्रहरीद्वारा आर्थिक सहयोग

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, १४ फागुन

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी (साम्बा) को स्वास्थ्य उपचारका लागि सुर्खेतस्थित नेपाल प्रहरीका ट्राफिक कर्मचारीहरूले आर्थिक सहयोग गरेका छन्।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय सुर्खेतमा कार्यरत १ सय १७ जना इच्छुक प्रहरी कर्मचारीले संयुक्त रूपमा रु ५० हजार सहयोग संकलन गरी हस्तान्तरण गरेका हुन्। कार्यालयका ट्राफिक प्रहरी प्रमुख प्रहरी उपरीक्षक मुकुन्दप्रसाद रिजालको नेतृत्वमा उक्त सहयोग जुटाइएको हो। प्रहरी उपरीक्षक रिजालले राष्ट्रका लागि निरन्तर संघर्ष गर्दै मैदानमा उत्कृष्ट प्रदर्शन गरिरहेकी कप्तान साम्बाको उपचारमा सानो भए पनि सहयोग पुगोस् भन्ने उद्देश्यले रकम संकलन गरिएको बताए। खेलकुदमार्फत देशको नाम उच्च राख्न योगदान दिएकी खेलाडीप्रति हाम्रो कर्तव्य र सद्भाव हो, उनले उल्लेख गरे। स्वैच्छिक रूपमा संकलित रकम भण्डारीको व्यक्तिगत खातामा रहेको कृषि विकास बैंकमा जम्मा गरिएको जनाइएको छ। कठिन परिस्थितिमा मानवीय सहयोग र सहकार्य आवश्यक हुने भन्दै प्रहरी प्रमुख रिजालले सामाजिक सद्भाव र ऐक्यबद्धताले सकारात्मक सन्देश दिने विश्वास व्यक्त गरे। कप्तान साम्बाको स्वास्थ्य लाभको कामना गर्दै प्रहरी कर्मचारीहरूले खेलाडीप्रति राज्य र समाजले पनि आवश्यक सहयोग गर्नुपर्ने धारणा राखेका छन्।

असिना पर्दा हिउँदे बाली नष्ट

❐ काँक्रेविहार संवाददाता

सल्यान, १४ फागुन

फागुन १३ दार्मा गाउँपालिका-५ मा परेको असिनाले स्थानीय करिब ७० घरपरिवारको हिउँदे बाली पूर्ण रूपमा नष्ट भएको छ। असिनाका कारण गहुँ, गेडागुडी, तोरी, तरकारी लगायतका हिउँदे बालीमा ठूलो क्षति पुगेको हो। वादनेकी किसान सिता खड्काका अनुसार अत्यन्त ठूलो परिमाणमा असिना परेको थियो। केही सेकेन्डमै खेतबारीमा लगाइएका सबै बाली नष्ट भएको उनले बताइन्। महिनौंको मेहनतले लगाएको बाली एकैछिनमै सखाप भयो उनले भनिन्। अब ती बाली खानयोग्य समेत छैनन्। यसले हाम्रो वर्षभरको आम्दानी पूर्ण रूपमा नष्ट गरेको छ।

दार्मा-५ का स्थानीय बासिन्दा तथा किसानहरू असिनापछि ठूलो आर्थिक संकटमा परेका छन्। वडा अध्यक्ष सुदिप केसीका अनुसार वडाका करिब ७० जना किसानको गहुँबालीमा क्षति पुगेको छ। वादने, उतिसेनी, जलजले र ढोलदुगा क्षेत्र असिनाबाट सबैभन्दा बढी प्रभावित भएका छन्।

दार्मा गाउँपालिकाले प्रभावित किसानको बाली क्षतिको अनुगमन गर्ने र आवश्यक परे राहत तथा बीमा सुविधा उपलब्ध गराउने तयारी गरेको जनाएको छ। स्थानीय प्रशासनले पनि असिनाबाट प्रभावित किसानलाई तत्काल राहत उपलब्ध गराउन माग गरेको छ। उतिसेनीका किसान सन्तोष केसीले भने, पाक्ने लागेको बालीमा क्षति पुगेकाले सरकारले छिटो राहतको व्यवस्था गर्नुपर्छ। राहत नपाए दैनिकी चलाउन निकै गाह्रो हुनेछ उनले भने।

विभिन्न पर्यटकीय स्थलहरूका बारेमा जानकारी

बिदा मनाउने, विशेष रुचि र खेल पर्यटनसँग सम्बन्धित छनौट गरिएका पर्यटन उत्पादनहरूको सूची

जिल्ला	पर्यटक उत्पादनको नाम र स्थल
डोल्पा	माउन्टेन बाइकिङ्ग, प्याराग्लाइडिङ्ग (ठूलीभेरी ४, पन्ना डाँडा)
रुकुम पश्चिम	प्याराग्लाइडिङ्ग: जन्तीबसे लेक-खलंगा-स्यारफु ताल, कालिका मालिका-रिम्ना
जाजरकोट	प्याराग्लाइडिङ्ग, माउन्टेन बाइकिङ्ग
सल्यान	प्याराग्लाइडिङ्ग मालिकादेखि दर्माको फारुला, खलंगा-श्रीनगर, रक क्लाइम्बिङ्ग: सुगुर देउ-कुकुर देउ हिल, श्रीनगर, मनोरञ्जन उद्यान र पार्क: हिमालको दृश्य देखिने), पिमखोला पिकनिक उद्यान, केरेलेचौर
सुर्खेत	सुर्खेत गोठीकाँडा र सिद्धपाइला केबल कार, प्याराग्लाइडिङ्ग
दैलेख	प्याराग्लाइडिङ्ग (दैलेख बजार र राकम), क्यानोनिङ्ग
कालिकोट	तिला नदीमा बन्जी जम्पिङ्ग, मान्म बजारबाट प्याराग्लाइडिङ्ग
जुम्ला	पाटन क्षेत्रबाट प्याराग्लाइडिङ्ग (नदईधाप, ठाकुरज्यू क्षेत्र), फिल्मको छायाङ्कन
मुगु	रारातालको वरपर घोडा चढ्ने, रारामा साइकल लेन, रारातल-मुर्माटप-चुचोरामा केबल कार, मुर्माटप-मिलिचौर प्याराग्लाइडिङ्ग, रारातालमा डुङ्गा सयर, रक क्लाइम्बिङ्ग र तालिम केन्द्र: चंखेली लेक, बामा गाउँ
हुम्ला	रक स्केप: बाह्रदेउ कैलाश दर्शनद्वार र चोम छो रक

कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

कालिमाटी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

रामपुर, सल्यान

कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयो गमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

चन्दननाथ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

खलङ्गा, जुम्ला

कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयो गमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

तनाव व्यवस्थापनका तरिका

- नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।
- पर्याप्त निन्द्रा र आराम गरौं।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं।
- आफ्नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।
- काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं।

तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५१३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)